
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस १ गते शुक्रबार ❑ 16 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## निर्वाचन आयोगद्वारा राष्ट्रपतिसमक्ष निर्वाचनको प्रतिवेदन पेस

**रासस**
**काठमाडौं, २९ मंसिर**

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष निर्वाचन आयोगले यही मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन पेस गरेको छ।

राष्ट्रपति कार्यालय शीतल निवासमा बिहीबार आयोजित कार्यक्रममा राष्ट्रपति भण्डारीसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सो प्रतिवेदन पेस गर्नुभयो । प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको



सात दिनभित्र राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। सो अवसरमा राष्ट्रपति भण्डारीले लोकतन्त्रको सुदृढीकरणका निम्ति निर्वाचन महत्वपूर्ण रहेको बताउनुभयो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएकामा खुसी व्यक्त गर्दै उहाँले यसका निम्ति निर्वाचन आयोग, सुरक्षानिकाय,सरोकारवालानिकाय र आममतदाता सबैलाई धन्यवाद दिनुभयो । कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त थपलियाले स्वच्छ, भयरहित वातावरणमा आमनिर्वाचन सम्पन्न भएको बताउनुभयो । यस निर्वाचनबाट प्रतिनिधिसभामा दुई सय ७५ र प्रदेशसभामा पाँच सय ५० गरी आठ सय २५ जना निर्वाचित भएको उहाँले जानकारी गराउनुभयो । प्रतिनिधिसभामा ३३ दशमलव १० प्रतिशत र प्रदेशसभामा ३६ दशमलव ३६ प्रतिशत महिला सहभागिता भएको उहाँको भनाइ छ। आयोगले आगामी पुस २ गते प्रदेशसभा सदस्य निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन सातै प्रदेशको राजधानीमा प्रदेशका प्रदेश प्रमुखसमक्ष आयोगका पदाधिकारीबाट प्रतिवेदन प्रस्तुत गरिने जनाएको छ। सो अवसरमा निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौडेल, रामप्रसाद भण्डारी, डा जानकीकुमारी तुलाधर र सगुन शमशेर जबरा तथा आयोगका सचिव गोकर्णमणि दुवाडीलगायत उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो।

## अर्वुद रोग निवारण संस्था कास्की शाखाको २२ औं सभामा शान्तकुमार सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ मंसिर**

नेपाल अर्वुद रोग निवारण संस्था कास्की शाखाको २२ औं वार्षिक साधारण सभा विहीवार सम्पन्न भयो ।

पोखरा महानगरपालिकाका उपमेयर मञ्जुदेवी गुरुङले सभाको उद्घाटन गर्दै क्यान्सर रोगको वारे विद्यालयवाट जनचेतनाको कार्यक्रम ल्याउन पर्ने धारणा राखिन्। पोखरामा रहेका स्वास्थ्य महाशाखाहरुमा सहकार्य गरेर क्यान्सरको रोगका वारेमा घर घरबाटै जानकारी गराउनु पर्ने उपमेयर गुरुङले वताईन । सोही कार्यक्रममा कास्की शाखामा लामो समयदेखि आवद्ध भएका शान्तकुमार श्रेष्ठको उत्कृष्ट योगदानको उच्च मुल्याकंन गर्दे सम्मान गरियो। श्रेष्ठ कास्की



शाखाका कार्यसमिति सदस्य हुन। नेपाल अर्वुद रोग निवारण संस्था कास्की शाखाका सभापति प्रेमवहादुर भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल अबुद रोग निवारण संस्थाका केन्द्रिय कोषाध्यक्ष तथा कास्की शाखाका पूर्व सभापति दिनेश शंकर पालिखे, वडा नं ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कृष्णमोहन श्रेष्ठ लगायत वोलेको कार्यक्रममा कास्की शाखाका उपसभापति नारायण पराजुलीले स्वागत, नेपाल अर्वुद रोग निवारण संस्थाका केन्द्रिय पूर्व उप कोषाध्यक्ष माधव प्रसाद सिग्देलले धन्यवाद र कास्की शाखाका सचिव डिल्लीप्रसाद शार्माले संचालन गरेका थिए ।

## कांग्रेस वरिष्ठ नेता पौडेललाई जापानको राजकीय सम्मान

**रासस**
**काठमाडौं, २९ मंसिर**

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेललाई जापान सरकारले राजकीय सम्मानले विभूषित गरेको छ । सन् २०२० अप्रिल २९ मा घोषणा भएको उक्त सम्मान उहाँलाई आज जापानी राजदूतको निवासमा विशेष कार्यक्रम गरी प्रदान गरिएको हो।

जापानी सम्राट मेइजीले सुरु गर्नुभएको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' आज वरिष्ठ नेता पौडेलले ग्रहण गर्नुभयो । विश्वका विशिष्ट व्यक्तिहरूलाई प्रदान गरिने यो सबैभन्दा उच्च सम्मान वरिष्ठ नेता पौडेल र माइक्रोसफ्टका संस्थापक विल गेट्सलाई प्रदान गरिने घोषणा गरिएको थियो । वरिष्ठ नेता पौडेललाई विशेषतः



पूर्वसभामुखको हैसियतमा दुई देशबीचका संसदीय सम्पर्कलाई सक्रिय बनाउन र त्यसपछि नेपाल-जापान सम्बन्ध सुदृढमा गर्नुभएको योगदानका लागि विभूषित गरिएको हो । वरिष्ठ नेता पौडेलले आफू सभामुख रहँदा सन् १९९९ मा नेपाल-जापानमैत्री संसदीय लिग स्थापना गर्नुका साथै त्यसको पहिलो अध्यक्षसमेत रहनुभएको थियो । उहाँ सन् २०१७ सम्म लिगको नेतृत्वमा रहनुका साथै द्विपक्षीय सम्बन्धको प्रवर्द्धनमा पनि सक्रियरूपमा संलग्न हुनुहुन्थ्यो।

विभूषितपछि वरिष्ठ नेता पौडेलले उच्च सम्मानका लागि जापानी सम्राट, सरकार र जनताप्रति कृतज्ञता व्यक्त गर्दै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध थप प्रगाढ बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जापानले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## इतिहास झल्काउने र पर्यटक पल्काउने 'कस्यप ताल'

**रासस**
**पोखरा, २९ मंसिर**

तालै तालको शहर पोखराको उच्च भूभाग कास्कीकोटस्थित कस्यप तालबारे कतिपयलाई थाहा नहुन पनि सक्छ।

स्वदेश तथा विदेशका विभिन्न स्थानबाट आएका अधिकांशः पर्यटक पोखराको फेवाताल सहित लेखनाथका ताल हेरेर फर्कने गरेको वास्तविकतामा पोखरा महानगरपालिका वडा नं २४ मा पर्ने यस ताललाई पर्यटन बजारमा पुऱ्याउने चासो र चर्चा पछिल्ला समयमा बढ्दै गएको छ । झण्डै छ हजार वर्षअघि कस्यप ऋषिले यहींको पानीले स्नान गरी तपस्या गर्ने गरेको किंवदन्तीका कारण पनि यहाँको गरिमा र महत्व अझै बढाएको जनाइएको छ । चार वेद मध्येको एक यजुर्वेद लेखेको विश्वास गरिने कश्यप ऋषिले स्नान गर्ने गरेको यस ताललाई धार्मिक एवं संस्कृतिकरूपमा पनि उत्तिकै महत्वका साथ लिने गरिएको छ। कास्कीकोट गाउँको मध्यभागमा अवस्थित यहाँको धार्मिक एवम् ऐतिहासिक महत्व रहेर पनि उजागर हुन नसकेको वास्तविकतामा पछिल्ला समयमा स्थानीय जनसमुदाय एवम् स्थानीय सरकारले चासो दिन थालेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष एवम् पोखरा महानगरपालिकाको होमस्टे सञ्चालन तथा दर्ता नविकरण समितिका अध्यक्ष उदय सुवेदीले बताउनुभयो । करिब पाँच वर्ष अघिसम्म हिउँदको समयमा पनि पानी अडिने गरेको यस तालमा पछिल्ला वर्ष पानी सुक्न थालेपछि बढ्दै गएको चासो र चिन्ताका बीच वडा कार्यालयका तर्फबाट यसको संरक्षणमा पहल बढाइएको छ। वडाका तर्फबाट विभिन्न समयमा गरिएको प्राविधिक अध्ययनले यसको पूर्ण रुपमा संरक्षणका लागि साढे तीन करोड रुपैयाँ लाग्ने अनुमान गरिएको वडा सचिव इन्द्र जिसीले जानकारी दिनुभयो।

विगतमा एक हजार ६०० भन्दा बढी जनसङ्या बसोबास

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा १२ ले जेष्ठनागरिकहरुको वर्षै भरि निःशुल्क रक्त परिक्षण गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ मंसिर**

पोखरा महानगरपालिका वडा नं.१२ ले ८० वर्ष माथिका जेष्ठनागरिकको निःशुल्क रक्त परिक्षण गर्ने भएको छ ।

बिहिबार आफ्नै वडाको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै वडा अध्यक्ष सन्तोष बास्तोलाले सो कुराको जानकारी दिएका हुन ।

युवा जनप्रतिनिधि अध्यक्ष बास्तोलाले गएको स्थानिय चुनावी घोषणा पत्रमा जेष्ठ नागरिकहरुलाई घरमा पुगेर स्वास्थ्य सेवा दिने पुर्व निर्धारित कार्यक्रम पुरा भएकोमा खुशी व्यक्त गरे ।

'पहिलो चरणमा हामीले जेष्ठनागरिकहरुको रक्त परिक्षणमा



मृगौला,सुगर,हेमोग्लोबिन र पिसाब लगायतका परिक्षण वर्षमा कम्तिमा पनि दुई पटक निःशुल्क गर्ने योजना बनाएका छौ।' उनले भने । यस कार्यक्रमको लागि वडाले १ लाख रकम छुट्राएको उनले बताए। आवश्यकता अनुसार अन्य शिर्षकबाट तानतुन गरेर भए पनि निःशुल्क स्वास्थ्य सेवा थप गर्दे जाने उनको योजना रहेको छ।

अध्यक्ष बास्तोलाले व्यवस्थीत तवरबाट जेष्ठनागरिकहरुलाई सेवा दिनका लागि वडा सदस्य गोविन्द प्रसाद सिग्देलको नेतृत्वमा सदस्य शान्ति कोइराला अन्य दुई सदस्य गोमा देवि परियार र शान्त बहादुर थापालाई निर्देशन दिएका छन् ।

उक्त कार्यक्रमको लागि पोखरा १२ वडा कार्यालय र शितलदेवीमा रहेको गण्डकी प्याथोलोजी बीच १ वर्षका लागि संझौता भएको छ ।

कार्यक्रममा आर्दश टोल विकास समितिका कृष्ण कोइराला, लाली गुराँस टोल आमा समुहकी अध्यक्ष भगवती शर्मा बास्तोला, जय टोल विकास समिति अध्यक्ष इन्दिरा पन्त, लाली गुरास टोलका अध्यक्ष रुद्र न्यौपाने सचिव देव कुमार श्रेष्ठ, उपकारमार्गका तेजराज घिमिरे, चापापानी टोल विकासका संस्थाकी गंगा कार्की, ढिकालेथर टोल विकास समितिका अध्यक्ष गुप्त बहादुर कार्की, कुडहँरचोक टोल विकास समितिका अध्यक्ष प्रेम प्रसाद गौतम लगायतले आफ्ना भनाई राखेका थिए। कार्यक्रम संचालन सचिव महेश्वर अर्यालले गरेका थिए ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विश्वकप फुटबलको फाइनलमा अर्जेन्टिना र फ्रान्स भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



विश्वकप फुटबल प्रतियोगिताको उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने भएका छन् । गए राति भएको सेमिफाइनलमा मोरक्कोलाई पराजित गरेपछि फ्रान्सले अर्जेन्टिनासितको उपाधि भिडन्त पक्का गरेको हो ।

कतारको दोहास्थित अल बायत रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा फ्रान्सले मोरक्कोलाई २-० गोलअन्तरले हराएको हो । फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गर्‍यो भने दोस्रो हाफमा थप एक गोल गर्दै फाइनलका लागि स्थान सुरक्षित गरेको हो । फ्रान्सका लागि थिओ हर्नान्डेज र रान्दल कोलो मुवानीले गोल गरेका थिए । हर्नान्डेजले खेलको पाँचौं मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए । उनले पेनाल्टी क्षेत्रभित्र रिबाउन्डबाट आएको बलको सदुपयोग गर्दै गोल गरेका थिए । त्यस्तै खेलको ७९औँ मिनेटमा सब्सिच्युड खेलाडीको रुपमा मैदान प्रवेश गरेका मुवानीले गोल गर्दै फ्रान्सलाई २-० को जित दिलाए । उनले बेन्चबाट मैदान छिरेको एक मिनेट नबित्दै गोल गरेका थिए । उनी ओसुमाने डेम्बेलेको स्थानमा मैदान प्रवेश गरेका थिए ।

यसअघि फ्रान्स क्वाटरफाइनलमा इङ्गल्यान्डलाई २-१ गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो । त्यस्तै पहिलोपटक सेमिफाइनलमा पुगेको अफ्रिकी राष्ट्र मोरक्कोले क्वाटरफाइनलमापोर्चुगललाई१-० गोलले हराएको थियो । यसअघि अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएसियालाई ३-० गोलअन्तरले हराएर फाइनल यात्रा तय गरेको हो । फाइनल खेल आइतबार हुनेछ ।

# पोखरा १५ र आई एनएफ नेपाल बिच थप 'स्वास्थ्य सेवा' बिस्तारका लागि सहमति

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



पोखरा महानगरपालिका वडा नं -१५ र आई एनएफ नेपाल बिच थप 'स्वास्थ्य सेवा' बिस्तारका लागि सहमति भएको छ।

पोखरा-१५ को वडा कार्यालयबाट अतिरिक्त स्वास्थ्य सेवा दिँदै आइरहेको स्वास्थ्य केन्द्रको थप सेवा बिस्तारका लागि वडा अध्यक्ष तोरण बहादुर बानियाँ र आई एनएफ नेपालका कार्यकारी निर्देशक कृष्ण बहादुर अधिकारी बिच सहमति पत्रमा हस्ताक्षर भएको हो । सहमति अनुसार आई एनएफले प्रदान गर्ने ३ लाख ६० हजार रुपैयाँ उक्त स्वास्थ्य सेवा केन्द्रको स्वास्थ्य सम्बन्धी उपकरण, भौतिक संरचना तथा औषधी खरिदका लागि खर्च हुनेछ ।

सहमति पत्र बुझ्दै वडा अध्यक्ष बानियाँले स्वास्थ्य केन्द्रको सेवा विस्तारका लागि वडाले सहयोगको माग गरेको र आफूहरूको मागलाई सहर्ष स्वीकार गरी आई एनएफले सहयोगका लागि अग्रसरता देखाएकोमा खुसी व्यक्त गरे । उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित वडा नं -१५ को ठुलो एरियामा फैलिएर नागरिकलाई विगत ७० वर्षदेखि विशिष्ट सेवा दिँदै आइरहेको उक्त संस्था अवस्थित वडाको जनप्रतिनिधि भएर सहकार्य गर्दै अगाडी बढ्न पाउँदा गौरवान्वित भएको प्रतिक्रिया दिए।

उनले वडा नं -१५ लाई बहुतले भवनमा बस्ने तथा करोडौँका गाडी चढ्ने व्यक्ति र झुपडीमा बस्ने व्यक्तिले पनि स्थानीय सरकारको अनुभूति गरोस् भन्ने हिसाबले हाल वडाले मानवीय विकासमा प्रत्यक्ष असर गर्ने खालका कार्यक्रमहरू ल्याएको बताउँदै यहाँका सङ्घ संस्था स्थानीय लगायत सबैको समन्वय र सहकार्यमा ती कार्यक्रमहरूलाई पूरा गर्न कोसिसमा लागिरहेको बताए ।

आई एनएफ नेपालका कार्यकारी निर्देशक कृष्ण बहादुर अधिकारीले नयाँ जनप्रतिनिधि निर्वाचित भएर आएपछि अहिलेको माहौल हेर्दा फरक अनुभव गरेको प्रतिक्रिया दिए। उनले वडाले प्रस्तुत गरेका परिकल्पना र पछिल्ला सकारात्मक गतिविधिलाई असल नेतृत्वकोको संज्ञा दिँदै वडा नं-१५ को दिगो सोचलाई अगाडी बढाउनका लागि सहकार्य गर्न तयार रहेको बताए।

यस्तै, आई एनएफ नेपालका मेडिकल सर्भिसेस तथा निर्देशक डा. अरुण कुमार बुढाले हरियो खर्क अस्पताल कुनै समय नेपालमै नभएको विशेषज्ञता भएको अस्पताल रहेको भन्दै यसलाई समय अनुसार अझ विस्तारित गर्दै लगिने बताए ।

उनले अहिलेको ठुलो समस्या भनेको नसर्ने रोगको समस्या रहेको र शहर गाउँ भन्दा नसर्ने रोगको ठुलो समस्या बोकेको ठाउँ भएको कारण यहाँको वडा, विद्यालय, सहरी स्वास्थ्य कार्यालय तथा यहाँका सबै पक्षहरूसँग मिलेर आगामी कार्यक्रमहरू अगाडी बढाउने बताए ।

कार्यक्रममा आई एनएफ नेपालका मानव संसाधन विकास व्यवस्थापक लेखनाथ केसी, प्रशासन तथा सम्पर्क सहायक चूडामणि पौडेल, वडा सदस्य बलराम पौडेल, वडा सचिव आविष्कार पौडेल, विष्णु प्रसाद लामिछाने लगायतको उपस्थिति रहेको थियो भने, सहरी स्वास्थ्य केन्द्रका प्रमुख कृष्ण बास्तोलाले केन्द्रले दिँदै आइरहेको सेवा तथा समस्याका बारेमा बोलेका थिए ।

स्वास्थ्य केन्द्रले हाल बहिरंग, खोप सेवा, गर्भवती महिलाको जाँच, ल्याब, क्षयरोगको औषधी लगायतका सेवाहरू दिइरहेको छ।

यसअघि पनि संस्थालाई आई एनएफ, हेप्पी होम, अनुग्रह लगायतका सङ्घ संस्थाले सहयोग गरेका थिए ।

## कांग्रेस...

नेपालको विकास निर्माण, कृषि, विपद् व्यवस्थापन, प्रविधि, लोकतन्त्र संस्थागतलगायत क्षेत्रमा गर्दै आएको सहयोगको उच्च प्रशंसा गर्दै आगामी दिनमा थप निरन्तरताको अपेक्षा गर्नुभयो । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले वरिष्ठ नेता पौडेललाई उच्च सम्मान गरेकामा जापान सरकारलाई धन्यवाद दिँदै यसले आगामी दिनमा द्विपक्षीय सम्बन्ध अझ बलियो बनाउन योगदान पुग्ने बताउनुभयो । वरिष्ठ नेता पौडेलले आफ्नो लामो राजनीतिक जीवनकालमा सांसद, मन्त्री, सभामुखलगायत हैसियतमा देशलाई गर्नुभएको योगदान स्मरण गर्दै मन्त्री कार्कीले उहाँले सभामुखका रूपमा सन् १९९९ मा जापान-नेपालमैत्री संसदीय लिगको स्थापना गरी निर्वाह गर्नुभएको महत्त्वपूर्ण भूमिकाले सरकार तहदेखि संसदीय तह र जनताको तहसम्म द्विपक्षीय सम्बन्ध विस्तार गर्न मद्दत पुगेको विश्वास व्यक्त गर्नुभयो ।

साथै उहाँले सामाजिक, आर्थिक र पूर्वाधार क्षेत्रमा नेपाललाई निरन्तर सहयोग गरेकामा जापान सरकारप्रति आभार व्यक्त गर्नुभयो । कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, कांग्रेसका नेता, सांसद, पूर्वमन्त्री, पूर्वमुख्यमन्त्रीलगायत विशिष्ट व्यक्ति उपस्थित हुनुहुन्थ्यो ।

# पोखरा महोत्सवबाट सेती नदी एक साहसिक पर्यटकीय गन्तब्य निर्माणमा पहलकदमी थाल्ने

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर



शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनका लागि खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी संगै सेती नदी संरक्षणमा काम गर्दै आइरहेको युनाईटेड क्लवले एघारौं पोखरा महोत्सवबाट सेती नदी एक पर्यटकीय गन्तब्य निर्माणमा पहलकदमी थाल्ने भएको छ ।

महोत्सवकै आयोजना गरी प्रति टिकटबाट एक रुपैया छुट्याउदै आएको युनाईटेड क्लवले अगामी पुष २७ देखी माघ ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना गर्ने एघारौं पोखरा महोत्सवबाट बचत भएको रकम मध्ये केही रकम सेती नदी एक पर्यटकीय गन्तब्य निर्माणका लागि छुट्याइने भएको हो ।

बिहीबार सम्पन्न एघारौं पोखरा महोत्सवको सल्लाहकार तथा महोत्सव उपसमिति संयोजकहरुको बैठकले एघारौं पोखरा महोत्सवबाट सेती नदी एक पर्यटकीय गन्तब्य निर्माणका लागि युनाईटेड क्लवले पहलकदमी थाल्ने निर्णय गरेको हो । स्थापना कालदेखीनै पोखरामा खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी थाल्दै आएको क्लवले दशौं पोखरा महोत्सव सम्म आइपुग्दा ५८ लाख ८५ हजार २ सय तीस रुपैया हस्तान्तरण गरिसकेको र चिडियाखाना निर्माणको सम्पूर्ण जिम्मेवारी गण्डकी प्रदेश सरकारलाईहस्तान्तरणगरिसकेकोछ।

हाल आएर चिडियाखाना राष्ट्रिय गौरवको योजना अन्तर्गत रही यसको निर्माणको जिम्मा गण्डकी प्रदेश सरकार मातहतमा रही जिल्ला डिभिजन बन कार्यालय कास्कीले लिइसकेकाले क्लवले चिडियाखाना निर्माण पहलकदमीको एजेण्डालाई आगामी दिनमा सेती नदी एक पर्यटकीय गन्तब्य निर्माणमा पहलकदमी थाल्न लागेको क्लवका अध्यक्ष राजु श्रेष्ठले जानकारी दिए । त्यसैगरी क्लवले एघारौ पोखरा महोत्सवबाट क्लवको जग्गा भएको स्थान पोखरा महानगरपालिका वडा नम्बर २६ अर्चलेमा रहेको जग्गामा भौतिक निर्माणका लागि समेत रकम छुट्याइने अध्यक्ष श्रेष्ठले वताए । यसवाहेक क्लवले गर्दै आइरहेको सामाजिक क्षेत्रका कामहरु शिक्षा, स्वास्थ्य, खेलकुदमा समेत रकम छुट्याइ काम गरिने भएको छ ।

एघारौ पोखरा महोत्सवमा ४० देखी ५० वटा स्टल निशुल्क रुपमा प्रदान गरिने भएको छ। जुन गैर नाफामुलक संस्थाहरु, पर्यटन सम्बन्धी स्टल, होम स्टेको प्रचार प्रसारका स्टल, सचेतनामुलक स्टलहरु निशुल्क उपलब्ध गराइने प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। महोत्सवमा २ सय ५८ स्टल रहने छन । त्यसैगरी महोत्सवमा साधारणका लागि ८० रुपैया र विद्यार्थीका लागी ६० रुपैया टिकट दर कायम गर्ने निर्णय संगै जेष्ठ नागरिक, एकल महिला, अपांग, सुरक्षाकर्मी, पत्रकार र विदेशी पर्यटकलाई निशुल्क प्रवेशको ब्यवस्था मिलाईएको समेत प्रचार प्रसार संयोजक सुनारले जानकारी दिए। महोत्सवमा ख्याति प्राप्त लोकदोहोरी गायक गायिका संगै ख्यातिप्राप्त ब्याण्डहरु, नेपाली संसकृति झल्कने झांकी तथा नृत्यहरुको समेत प्रस्तुती रहने छन।

सो कार्यक्रममा क्लवका वरिष्ठ उपाध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तब्य राखेको कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष हिमालय बखेल, निवर्तमान अध्यक्ष लालकाजी गुरुङ, पूर्व अध्यक्ष सुक बहादुर गुरुङ, सल्लाहकारहरु तीर्थलाल श्रेष्ठ, भरत केसी, तेज बहादुर गुरुङ, मेजर हितमान गुरुङ, दीपक थापा, लिलाधर अधिकारी, रमेश बहादुर काकी, पवित्रा देवी गुरुङ, महोत्सव हस्तकला उपसमिति संयोजक सविता श्रेष्ठ रञ्जित लगायतले महोत्सवलाई भब्य सभ्य रुपमा सम्पन्न गर्नका लागि सवैले आ आफ्नो ठाउबाट लाग्नुपर्ने वताए ।

## इतिहास...

गर्ने गरेको यस क्षेत्रमा यहाँको पानी गाईवस्तुलाई खुवाउनुका साथै घरायसी प्रयोजन र यहाँको झण्डै ७०० रोपनी क्षेत्रफलमा सिँचाइ पनि उपलब्ध हुँदै आएको थियो । ताल करिब ५५ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

नेपालका शाहवंशीय राजाको पालामा यस तालको थप संरक्षण भई त्यस समयमा पनि यहाँको पानीको भरपुर उपयोग गर्ने गरेको बताइन्छ । ताल माथि रहेको नेपालका शाहवंशीय राजाको उद्गमस्थल कास्कीकोट दरबार र यहाँबाट देखिने अन्नपूर्ण, धवलागिरी लगायतको दृश्यले यसलाई एउटा आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको पोखरा महानगरपालिका वडा नं २४ का वडा अध्यक्ष भरतबहादुर अधिकारी बताउनुहुन्छ । यसको संरक्षण र विकासका लागि पहल थालिएको बताउँदै उहाँले ताल परिसरमा रेलिङ लगायतका संरचना निर्माणका लागि यस वर्ष पोखरा महानगरपालिकाले २५ लाख रुपैयाँ विनियोजन गरेको जानकारी दिनुभयो ।

समुद्री सतहबाट एक हजार ७७८ मिटरको उचाइमा रहेको कास्कीकोटमा पहिलो शाहवंशीय राजा कुलमण्डन खान(शाह) को दरबारका साथै तत्कालीन समयदेखि नै पूजाआजा गर्दै आइएको गुप्तकालिका मन्दिरले यहाँको गरिमा र महत्व अझै बढाएको छ । तत्कालीन समयमा यस स्थानमा कश्यप ऋषिले तपस्या गरेको कुटीको भग्नावशेष एवम् ऋषिले सत्सङ्ग तथा प्रवचन गर्ने गरेको धामको गह्वासमेत सुरक्षित रहेको स्थानीयवासी प्राध्यापक बेदहरि तिमल्सिना बताउनुहुन्छ ।

जैविक विविधताले भरिपूर्ण पर्यटकीय, धार्मिक, तथा शाहवंशीय ईतिहासको साक्षी कास्कीकोटका धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण र विकास अपरिहार्य भएको उहाँले बताउनुभयो। धार्मिक ईतिहासको साक्षी कश्यप तालसँगै यहाँका ऐतिहासिक दरबार तथा मन्दिर उचित संरक्षण गर्न सकेमा पोखरा आउने पर्यटकलाई एक दिन यस क्षेत्रको अवलोकन गराउँदै बसाई लम्ब्याउन सकिने तिमल्सिनाको भनाइ छ। पोखराबाट करीब ११ किमि पक्की बाटो पार गरेपछि यहाँ पुग्न सकिन्छ। त्यस्तै पोखरा-बाग्लुङ राजमार्गको नागडाँडाबाट पुर्वतर्फ करीब पाँच किमी दूरी पार गरेर पनि यहाँ आउन सकिन्छ । तालको संरक्षणसँगै यसले यहाँको इतिहास र पर्यटनलाई जोड्न सक्ने उहाँले बताउनुभयो ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

**सम्पादकीय**

# देउवाको हतारो

निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनको अन्तिम परिणाम राष्ट्रपति विद्य देवी भण्डारी समक्ष बुझाएलगत्तै राष्ट्रपति कार्यालयले सरकार गठनको प्रक्रिया अगाडि बढाउने तयारी शुरू गरेको छ । आयोगले उपराष्ट्रपति नन्द बहादुर पुन, प्रधानमन्त्री शेर बहादुर देउवालाई पनि प्रतिवेदन बुझाएको छ । आयोगले बिहीवार निर्वाचन परिणामको प्रतिवेदन बुझाएलगत्तै राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ (२) अनुसार सरकार गठनका लागि आह्वान हुन सक्छ । संविधानको धारा ७६ उपधारा (२) अन्तर्गत सरकार निर्माणका लागि आह्वान हुन सक्ने पुरानो नजिर छ ।

संविधानको धारा ७६ मा मन्त्रिपरिषद् गठनसम्बन्धी प्रावधान ७६(१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ,' भन्ने उल्लेख छ । यसपटक कुनै पनि दलले बहुमत नपाएको हुनाले ७६ (१) अनुसार सरकार गठन हुन सक्ने परिस्थिति छैन । त्यसैगरी ७६ (२) मा 'उपधारा (१) बमोजिम प्रतिनिधिसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ,' भनिएको छ । 'नयाँ जनादेशअनुरूप जति सक्दो छिटो सरकार दिनु राष्ट्रपतिको दायित्व हुन गएको छ,।' त्यसका लागि संविधानको परिधिभित्र रहेर राष्ट्रपतिले छिटोभन्दा छिटो सरकार निर्माणको प्रक्रिया थाल्नुपर्छ ।

कुनै पनि दलको स्पष्ट बहुमत नभएको हुनाले ७६(२) अनुसार नै सरकार गठनका लागि राष्ट्रपतिले आह्वान गर्ने संविधानमा व्यवस्था छ । ७६ (२) को नै परिस्थिति देखिएको हुनाले बढीमा एक साताभित्र जुनसुकै बेला ७६ (२) अनुसार सरकार गठनका लागि आह्वान हुन सक्छ ।, बढीमा एक साताभित्र त्यसको आह्वान हुनसक्ने विगतको अनुभवले देखाउँछ।आवश्यकताअनुसार राष्ट्रपतिले दलहरूको कुरा समेत सुन्नुपर्छ ।' ७६ (२) अनुसार सरकार गठन गर्नका लागि राजनीतिक दलका कुनै कुरा छन् भने दलहरूले राष्ट्रपति कहाँ आफ्ना कुरा राख्ने चलन छ ।

त्यसैगरी सरकारका तर्फबाट केही कुरा भन्नु पर्नेछ भने सरकारले पनि प्रधानमन्त्रीमार्फत कुरा राख्ने चलन हो । उप्रतिनिधिसभामा ५० को दशकमा राजनीतिक दलको अध्यक्ष एक जना हुने र संसदीय दलको नेता अर्कै हुने हुँदा त्यो अभ्यासका कारण पनि ७६(२)मा संसदीय दलको नेता हुन आवश्यक नपर्ने भनी प्रावधान राखिएको हो । त्यसैका आधारमा राष्ट्रपतिले कुनै पनि बखत सरकार गठनका लागि आह्वान गर्न सक्ने छ । नेपाली कांग्रेसमा संसदीय दलको नेता चयन भएपछि मात्र सरकार निर्माणको प्रक्रिया शुरु गर्ने कि २०७४ मा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भएर दलको नेता बन्ने भित्री तयारी छ ।

संसदीय दलको नेता चयन भएपछि सरकार गठनको प्रक्रिया शुरू भए राजनीति सरल बाटोमा जान्छ । संसदीय दलको नेता चयन गरेर सरकार निर्माणका लागि आह्वान गर्दा ढिला हुने भएकोले हतारमा नियुक्ति पछि सबैलाई तान्न सकिने बुझाइले काम गरेको छ ।' सबै प्रक्रिया पूरा गर्दा ढिला हुने भएकाले तत्कालै सरकार गठनका लागि आह्वान हुनसक्ने गरि काम अघि बढाउन देउवाले विगतको अभ्यास दोहोऱ्याएर जाने तयारीमा रहेको संकेत गरेको छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# चिसो बढेसँगै सतर्कता अपनाउन मन्त्रालयको आग्रह

**रासस**
**काठमाडौं, २९ मंसिर**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपत्यकासँग मुलुकभर चिसो बढेसँगैसतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले जाडो महिनामाकेही रोगको प्रकोप बढ्ने भएकोले सर्तकता अपनाउन आग्रह गर्नुभएको हो ।

केही दिनदेखि चिसो बढ्दै गएपछि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिका र गर्भवती महिला विशेष सावधान अपनाउन उहाँले आग्रह गर्नुभएको छ । तथ्याङ्कअनुसार बिहीबार विहान काठमाडौँ उपत्यकाको तापक्रम ७.६ डिग्रीमा झरेको छ ।

चिसोबाट बच्न न्यायो लुगा लगाउन, टाउको र छातीलाई चिसोबाट जोगाउन र रातको समयमा सिरक कम्बल जस्ता न्यायो कपडा ओढ्न मन्त्रालयलेआग्रह गरेको छ । जाडो बढेसँगै तराईका कतिपय जिल्लामा हुस्सुसमेत लाग्न थालेको छ । यस्तै घरबाहिर खुला स्थानमा धेरै समय नबस्न, तातो खानेकुरा तातोपानी पिउन समेत आग्रह गरिएको छ । हिटर वा आगो ताप्दा गिजर प्रयोग गर्दा कोठामा राम्रोसँग हावा आवतजावतको व्यवस्था गर्नुपर्ने मन्त्रालयले जनाएको छ ।

"हावा आउजाउको व्यवस्था नहुँदा कतिपय अवस्थामा निस्सासिएर दुर्घटना हुनेपर्ने जस्ता घटना अवस्था आउने गरेको पाइन्छ," उहाँले भन्नुभयो, "त्यसैले हिटर गिजर प्रयोग गर्दा हावा आवतजावत हुने ठाउँ रहेको हुनुपर्दछ ।"
चिसोले गर्दा मुटु रोग, हृदयघात, फोक्सोमा समस्या श्वासप्रश्वास,बालबालिका तथा ज्येष्ठ नागरिकमा निमोनिया, रुघाखोकी, ज्वरो जस्ता रोगका समस्या देखिन सक्दछ । त्यसैगरी दूषित खाना र पानीबाट अधिकांश रोग सर्ने भएकोले खानेकुरामा ध्यान दिनसमेत मन्त्रालयको आग्रहछ । खानेकुरा र खानेपानी सफा भाँडामा ढाकेर राख्न, खाना बनाउनुअघि र खानुअघि साबुन पानीले राम्रोसँग हात पनि मन्त्रालयले आग्रह गरेको छ ।

# व्यासमा विद्युतीय कर भुक्तानी सेवाको शुभारम्भ

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ मंसिर**

जिल्लाको व्यास नगरपालिका कार्यालयमा आजदेखि विद्युतीय कर भुक्तानी सेवाको शुभारम्भ गरिएको छ । नगरपालिका नगरप्रमुख वैकुण्ठ न्यौपानेले एक कार्यक्रमका बीच आफ्नो कर तिरेर उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले गण्डकी प्रदेशको समन्वयमा रु दुई करोडको लागतमा कर भुक्तानी सेवा सञ्चालनमा ल्याइएको बताउनुभयो । व्यास नगरपालिका मातहत रहेका १४वटै वडामा डिजिटल प्रविधिको अभ्यास भइरहेको उहाँले जानकारी दिनुभयो । "चुस्त, दुरुस्त र विश्वसनीय बनाउने विश्वास लिएको छौँ", उहाँले भन्नुभयो, "कमीकमजोरीलाई सुधार गर्दै अघि बढ्ने छौँ ।" प्रत्येक वडाका नागरिक बडापत्र राखेर प्रविधिमैत्री बनाउन लागेको उहाँको भनाइ थियो । विद्युतीय कर भुक्तानीका लागि विद्युत् र इन्टरनेटको पहुँच पुग्न आवश्यक रहेको व्यासका आइटी इञ्जीनियर टीकाराम दाहालले बताउनुभयो । परामपरागत शैलीबाट काम गर्न झन्झटिलो हुनुका साथै ढिलासुस्ती हुने भएकाले बदलिँदो परिस्थितिअनुरूप आधुनिकीकरणलाई अवलम्बन गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

# दुई दिनमा दुई गैँडा मृत फेला

**रासस**
**चितवन, २९ मंसिर**

चितवन राष्ट्रिय निकुञ्जमा दुई दिनमा दुईवटा गैँडा मृत फेला परेका छन् । निकुञ्जका अनुसार मङ्सिर २८ गते बुधबार र आज दुईवटा गैँडा मृतावस्थामा फेला परेका हुन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आज बिहान ५:५५ बजे राष्ट्रिय निकुञ्जको अमलटारी सेक्टर लामीचौर पोष्टअन्तर्गत गुन्द्रहीढका मध्यवर्ती सामुदायिक वन क्षेत्रमा पोथी गैँडा मृतावस्थामा फेला परेको छ । एकापसमा जुधेर १५ वर्षीय गैँडा मरेको अनुमान गरिएको उहाँले बताउनुभयो । गैँडाको खाग, खुर सुरक्षित रहेको उहाँले जानकारी दिनुभयो ।

यस्तै बुधबार सोही क्षेत्रको कुजौली रेञ्जरपोष्टअन्तर्गत नारायणी नदी किनामा छ महिनाको केटो (भाले गैँडा) मृतावस्थामा भेटिएको छ । बुधबार बिहान ११ बजे निकुञ्जको नियमित गस्ती टोलीले गैँडा मृतावस्थामा फेला पारेको उहाँले जानकारी दिनुभयो । बाघको आक्रमणमा परी मरेको अनुमान गरिएको छ । सो केटाको खाग नपलाएको र खुर सुरक्षित रहेको निकुञ्जले जनाएको छ । योसँगै चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा चालु आव २०७९/८० मा पाँचवटा गैँडा मरेका छन् ।

**रेष्टुरेण्ट बिक्रीमा**

**पोमनपा वडा नं. १६ दिप मणिपाल कलेज अफ मेडिकल साईन्सको ठिक गेट अगाडि पट्टि अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेण्ट विशेष कारणवस तु: बिक्रीमा छ ।**
**सम्पर्क:**
**९८४७१००५४३**
**९८१९१५२७४०**

**विमालेख हरायो**

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड बाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं।

| नाम | बीमालेख नं. |
|---|---|
| विमला शर्मा | १०००६६५७४ |

लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड
फोन नं ९८०५८२९८८८

# सेनाको स्वास्थ्य शिविरबाट सर्वसाधारणलाई लाभ

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ मंसिर**

काठेखोला गाउँपालिका-५ रामकोटधाममा नेपाली सेनाको श्रीमेहर गणद्वारा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरबाट सात सय नौ बिरामी लाभान्वित भएका छन् ।

रामेकोटधाममा आयोजित ' बिहुँकोट धार्मिक महोत्सवको अवसरमा गणले बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो । एक हप्तासम्म चलेको उक्त शिविरबाट सामान्य प्रकृतिको समस्या भएका दुई सय ५८ पुरुष, तीन सय ५३ महिला र ९८ बालबालिकासहित केही जटिल रोगका बिरामीको स्वास्थ्य जाँच तथा औषधि वितरण गरिएको गणले जनाएको छ ।

गम्भीर प्रकृतिका रोग पहिचान भएका बिरामीलाई थप उपचारका लागि विभिन्न अस्पताल 'रिफर' गरिएको छ । सेनाका चिकित्सकसहित स्वास्थ्यकर्मी सेवामा खटिएका थिए । आकस्मिक सेवाका लागि सेनाले एम्बुलेन्स सेवासमेत उपलब्ध गराएको थियो । शिविरमा गाउँपालिका र बागलुङ नगरपालिकाको स्वास्थ्य शाखाले पनि सहयोग गरेको थियो । महोत्सवमा 'हेलि प्याड' निर्माण, सरसफाइलगायत अन्य व्यवस्थापकीय काममा पनि सेनाले सहयोग गरेको महोत्सवका संयोजक देवीलाल सुवेदीले बताउनुभयो । बुधबार सकिएको महोत्सवबाट रु दुई करोड २५ लाख सङ्कलन भएको आयोजकले जनाएको छ । सशस्त्र द्वन्द्वका बेला स्थानान्तरण भएको संस्कृत गुरुकुललाई रामकोटधाममै पुनःस्थापना गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको थियो । महोत्सव सकिए पनि आर्थिक सङ्कलन अभियान जारी रहने छ । बिहुँकोट अन्तरर्ष्ट्रिय समाजको पहल र सङ्कल्पमा महोत्सव आयोजना गरिएको हो । रामकोटधामका संस्थापक दिवङ्गत स्वामी श्री १००८ परमानन्द सरस्वती महाराजले २०३१ सालमा स्थापना गर्नुभएको गुरुकुल पाठशाला २०५६ सालमा तनहुँको देवघाट सरेको थियो ।

उक्त गुरुकुललाई पुनः रामकोटधाममै फर्काउने उद्देश्यले महोत्सव आयोजना गरिएको परमानन्द सन्यास आश्रमका संरक्षक श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीले बताउनुभयो । गुरुकुल परम्पराका माध्यमबाट संस्कृत विद्यालाई अघि बढाउनु पर्नेमा उहाँको जोड छ ।

# भारतीय कलाकार विवेक ओवरायद्वारा पशुपतिनाथमा विशेष पूजा

**रासस**
**काठमाडौं, २९ मंसिर**

भारतीय कलाकार विवेक ओवरायले पशुपतिनाथ मन्दिरमा पञ्चामृत अभिषेकसहित विशेष पूजा गर्नुभएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

कलाकार ओवरायले रु दुई हजार एक सयको रसिद काटी पञ्चामृत अभिषेकसहित विशेष पूजा गर्नुभएको कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले जानकारी दिनुभयो । विवेकका पिता सुरेश ओवराय पनि नेपाल भ्रमणका बेला पशुपतिनाथमा दर्शन एवं पूजा आराधनाका लागि आउने गर्नुभएको जनाइएको छ । बलिउड नायक ओवराय परिवारसहित घुम्न बुधबार नेपाल आउनुभएको थियो । धेरै भारतीय कलाकारले नेपाल भ्रमणका बेला पशुपतिनाथमा दर्शन एवं पूजा गर्ने गर्नुभएको पनि कोषले जनाएको छ । यसले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा पनि योगदान गरिरहेको छ ।

पशुपतिनाथलाई विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीले आस्थाको केन्द्रका रूपमा मान्ने गरेका छन् । विश्वका जुनसुकै कुनामा रहेका हिन्दू पनि जीवनकालमा एकपटक पशुपतिनाथको दर्शन गर्न चाहन्छन् ।

# सात वर्षपछि उच्च अदालतको पुन:निर्माण सुरु

**रासस**
**बागलुङ, २९ मंसिर**

विसं २०७२ को विनासकारी भूकम्पले क्षति पुऱ्याएको उच्च अदालत पोखरा बागलुङ इजलासको भवन सात वर्षपछि पुनःनिर्माण थालिएको हो । तीस महिनाभित्र सो अदालतको मुख्य भवन तथा आवास निर्माण सक्नेगरी रु ५७ करोड ४२ लाखमा श्यामसुन्दर पशुपति जेभी काठमाडौँले ठेक्कामार्फत काम सुरु गरिएको छ । अहिले उच्च अदालतको पुरानो भवन भत्काउने कार्यले तीव्रता पाएको छ ।

चिरा परेको भवन प्राविधिक दृष्टिले निकै खतरापूर्ण भए पनि सात वर्षदेखि जोखिम मोलेरै न्याय सम्पादन भइरहेको थियो । अहिले उच्च अदालत पोखरा बागलुङ इजालसले एक हप्तादेखि जिल्ला अदालत बागलुङबाट न्यायसम्पादन गरिरहेको छ । अहिले धमाधम भवन भत्काउने काम भइरहेको छ भने उच्च अदालतको सेवा जिल्ला अदालतको भवनबाट दिइएको उच्च अदालत पोखरा बागलुङ इजलासका रजिस्टार नेत्रप्रसाद भुसालले जानकारी दिनुभयो । "अदालतको भवन निर्माणका लागि भूकम्पपछि नै पहल भइरहेको थियो, ठूलो लागत भएकाले भवन निर्माणमा बजेट आएको थिएन, अहिले ठेक्कामार्फत भवन निर्माणका लागि पुरानो भवन भत्काउने काम भइरहेको छ", उहाँले भन्नुभयो, "न्यायसम्पादनलाई एक दिन नोरोकी जिल्ला अदालतको भवनको छतमा ट्रष्ट राखेर अस्थायीरुपमा सेवा दिन थालेका छौँ, तीन वर्षमा उच्च अदालत पोखरा बागलुङ इजलासले नयाँ भवन पाउनेमा आशावादी छौँ ।"

उच्च अदालत पोखरा बागलुङ इजलास भएको सात रोपनी जग्गामा रु ५७ करोड लागतमा सुविधा सम्पन्न भवन उच्च अदालतको भवन र सामूहिक आवास, अथिति गृहलगायतका संरचना एकैसाथ निर्माण गर्नका लागि ठेक्कामार्फत काम थालिएको रजिस्टार भुसालले बताउनुभयो । प्राविधिकरुपमा बस्नै नमिल्ने अदालतको भवनलाई मर्मतपश्चात् अहिलेसम्म सेवा दिँदै आइएको थियो । जिल्ला अदालतको दुई तलाबाट अहिले उच्च अदालतको सेवा दिन थालिएको उहाँको भनाइ छ ।

नयाँ निर्माण हुने अदालतको भवन प्रविधिमैत्री, अपाङ्गता मैत्री, भूकम्प प्रतिरोधी बागलुङ बजारमा निर्माण भइरहेका अन्य भवनभन्दा ठूलो र आधुनिक भएको भवन निर्माणको प्राविधिक सहयोगी सघन सहरी तथा भवन निर्माण कार्यालय बागलुङका प्रमुख सुनिता श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार 'अन्डरग्राउण्ड'सहित साढे छ तलाको उक्त अदालतको भवनमा विद्युतीय लिफ्टकोसमेत व्यवस्था रहेको छ । अदालतको भवन श्यामसुन्दर पशुपति जेभी काठमाडौंले निर्माण थालेको हो । रु ५७ करोड लागतमा निर्माण हुन थालेको उच्च अदालतमा छ वटा इजलास कक्ष हुनेछन् । ३० महिनाभित्र भवन निर्माण सक्नेगरी पुनःनिर्माण थालिएको छ ।

**No Objection Letter हराएको सूचना**

**यही मिति २०७९/०८/०२ गते सिद्धार्थ चोकबाट चिप्लेढुंगा जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. ४ घर भइ बस्ने शिशिर गोठाजुको नाममा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बैदेशिक अध्ययन अनुमति शाखा काठमाडौंबाट जारी भएको निम्न विवरणको** No Objection Letter **हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछु ।**

Name : Mr. Shishir Gothaju
Ref. No. : 787369474
Subject : Accounting and Bookkeeping
Level : Certificate IV
Ref. No. : 787369473
Subject : Accounting
Level : Diploma
Address : Pokhara Metropolitan-4, Kaski
Father or Mother's Name : Dharma Raj Gothaju/ Susma Gothaju
Name of Institution: Sydney city college of Management
Country : Australia
Phone : 9806675409

# १७ औं प्याब्सन स्पोर्टस मिट सम्पन्न : टप्सले जित्यो उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २९ मंसिर

'१७ औं प्याब्सन स्पोर्टस मिट'को उपाधि टप्स माविले जितेको छ। निजि विद्यालयहरुको छाता संस्था प्याब्सन कास्की द्वारा आयोजित प्याब्सन स्पोर्टस मिटमा सर्वाधिक पदक जितेर टप्स च्याम्पियन हुँदै उपाधि जितेको हो। यो सहित प्याब्सन स्पोर्टस मिटमा लगातार ६ पटक च्याम्पियन हुँदै दोश्रो पटक ट्रफी माथी कब्जा जमाएको छ।

गत मंसिर २० गते देखि सञ्चालन भएको १७ औं प्याब्सन स्पोर्टस मिटमा सम्पन्न मावि सिनियर फुटबलको उपाधि भने स्नो भ्यूले जितेको छ। पोखरा रंगशालामा सम्पन्न फाइनल खेलमा स्नो भ्यूले शान्तीदिप माविलाई १-० ले पराजित गर्दै उपाधि जितेको हो। टिमलाई उपाधि दिलाउन ६३ औं मिनेटमा दृष्य पुनले एक मात्र गोल गरे। उनी सिनियरतर्फको उत्कृष्ट खेलाडी घोषित भए। मावि सिनियरतर्फको फुटबलमा मेरी गोल्ड मावि तेश्रो भएको छ। मेरी गोल्डले बालोदयलाई २-१ गोलले पराजित गर्दै तेश्रो भएको हो। मेरी गोल्डका लागि मिलन फगामी र गणेश भट्टचनले गोल गरे भने एक गोल नारायण गिरीले बालोदयका लागि फर्काए। त्यस्तै जुनियरतर्फ फुटबलको च्याम्पियन भने इडेन मावि भएको छ। इडेन र रेन्वो एकेडेमीका विच भएको फाइनलमा दुवै टिमले निर्धारित समयमा १-१ गोल गरे पछि खेलको नतिजा टाइ व्रेकरमा पुगेको थियो। निर्धारित इडेनका लागि सुभाष गुरुङ र रेन्वोका लागि अनुप पौडेलले गोल गरेका थिए। टाइब्रेकरमा ३-२ ले पराजित गर्दै इडेन च्याम्पियन बनेको प्याब्सन कास्कीले जनाएको छ। यसै गरी जुनियर तर्फ बेसलाईनले कुमुदिनीलाई १-० गोलले पराजित गर्दै तेश्रो स्थान



हात पार्न सफल भयो। उक्त खेलमा बेसलाइनका लागि खालिद मियाँले गोल गरेका थिए। जुनियरतर्फ फुटबलमा इडेनका सुभाष गुरुङ उत्कृष्ट खेलाडी घोषित भए।

छात्र तर्फ भलिबलमा माविको फाइनल खेलमा सिर्जना मावीले न्यू मोडललाई २५-१८, २५-११, २३-२५ र २५-२२ ले खेल जित्दै उपाधि जितेको छ। त्यसै गरी कक्षा ११-१२ (प्लस टु) छात्रतर्फ गुरुकुल माविले फाइनल खेल जितेको छ। गुरुकुलले सिर्जनालाई २५-२१, २५-१८ र २५-२० को सोभ्फो सेटमा पराजित गरेको थियो। मावि छात्रतर्फ न्यू मोडलका सुशान्त सिंह ठकुरी र छात्र मावितर्फ टप्सकी सम्पदा गुरुङ उत्कृष्ट खेलाडी घोषित भएका छन्।

स्पोर्टस मिट अन्तर्गत सम्पन्न भएको एथलेटिक्स मावि छात्रतर्फ टप्स मावि च्याम्पियन हुँदा बेथानी दोश्रो र लिटिल स्टेप मावि तेश्रो भएको छ। त्यसै गरी मावि छात्रातर्फ टप्स मावि प्रथम, बेसलाइन दोश्रो र प्रगती मावि तेश्रो भएको छ। एथलेटिक्स प्लस टुतर्फ प्रतिभा मावि प्रथम, स्नो भ्यू द्वितिय र सिर्जना मावि तृतिय भएका छन्। एथलेटिक्स छात्रतर्फ टप्सका ओमित गुरुङ उत्कृष्ट खेलाडी घोषित हुँदा छात्रातर्फ टप्सकै सविना खातुन मियाँ उत्कृष्ट बन्न सफल भइन्। एथलेटिक्स ट्रयाक एण्ड फिल्डतर्फका खेलहरु सम्पन्न भएका छन्। मावि छात्रतर्फ १५०० मिटर दौडमा टप्सका ओमित गुरुङ पहिलो, लिटिल स्टेपका मिलन नेपाली दोश्रो र ढुङ्गे साँघु माविका सुमन गुरुङ तेश्रो भए। एथलेटिक्स ४०० मिटरतर्फ बेथानीका सुरज गुरुङ पहिलो, सिर्जनाका आयूष खड्का दोश्रो र विएमजीका स्वपनिल कार्की तेश्रो हुन सफल भए। मावि छात्रातर्फ ४०० मिटर दौडमा टप्सकी सविना खातुन मियाँ पहिलो, प्रगतीकी पृया सेवा दोश्रो र सगरमाथाकी अनुष्का अधिकारी तेश्रो भइन्। रिले ४ह१०० मिटर छात्रतर्फ टप्स मावि पहिलो, शान्तिदिप मावि दोश्रो र नेशनल इन्भेन्टिभ तेश्रो भएका छन् भने छात्रतर्फ टप्स, फिसटेल र सोसल पब्लिक कमश पहिलो, दोश्रो र तेश्रो भएका छन्। विजयी खेलाडीहरुलाई प्याब्सनका राष्ट्रिय अध्यक्ष डिके ढुङ्गाना, केन्द्रिय सल्लाहाकार गणेशमान सिंह भण्डारी, केन्द्रिय उपाध्यक्ष द्वय बिर बहादुर बुढाथोकी र कृष्ण केसी, प्याब्सनका केन्द्रिय सदस्य प्रेम शर्मा लगायतले ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरेका थिए। प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलको अध्यक्षतामा भएको समापन अवसरमा बोल्दै राष्ट्रिय अध्यक्ष ढुङ्गानाले नेपालको समग्र शिक्षाको विकासका लागि निजि विद्यालयहरुको भूमिका महत्वपूर्ण रहेको बताए। उनले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नै दक्ष जनशक्ती उत्पादन संगै सामुदायिक विद्यालयहरुको विकासमा समेत प्रेरणादायी भूमिका खेलेको दावी गरे। अध्यक्ष ढुङ्गानाले शिक्षा संगै खेलकुदको विकासका लागि नेपालमा खेलकुद विश्व विद्यालयको स्थापनका लागि समेत प्याव्सनको तर्फबाट सुभ्फावहरु पेश गरिएको बताउँदै खेलकुद मार्फत समेत राष्ट्रिय पहिचान र व्यवसायिक खेलाडी उत्पादनमा समेत भूमिका रहेको बताए।

सो अवसरमा १७ औं प्याब्सन स्पोर्टस मिटकी संयोजक उमा लामिछाने र प्याब्सन कास्कीका सचिव पूष्पराज पराजुलीले स्पोर्टस मिट सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे। ७ औं प्याब्सन अन्तर्गत भलिवल छात्रातर्फ १९, छात्रतर्फ १८ टिम, टेवुल टेनिस सिंगल्स छात्रतर्फ ४१ जना, छात्रातर्फ १९, टेवुल टेनिस छात्र डवल्सतर्फ ३९ र छात्रातर्फ १६ टिमको सहभागिता रहेको थियो। त्यसै गरी ट्रायक एण्ड फिल्ड एथलेटिक्सतर्फका विभिन्न इभेन्टस्मा छात्रतर्फ ६५, छात्रातर्फ ५३ जनाको सहभागिता रहेको थियो। कक्षा ११-१२ प्लस टु अन्तर्गत एथलेटिक्स छात्रतर्फ १५ र छात्रातर्फ ८ विद्यालय र कक्षा ११-१२ छात्र भलिवलतर्फ १६, छात्रातर्फ ८, बास्केटबल कक्षा १-१० सिनियर छात्रतर्फ १७ र छात्रातर्फ ६ टिमको सहभागिता रहेको थियो।

स्पोर्टस सञ्चालन गर्न करिव ५० लाख खर्च भएको कास्की प्याब्सनले जनाएको छ। प्याब्सन कास्कीमा कास्की जिल्लाका १ सय २ वटा निजी तथा आवासीय विद्यालयहरू सदस्यका रूपमा आवद्ध रहेका र संस्थामा आवद्ध विद्यालयहरूमा ७५ हजार भन्दा बढी विद्यार्थी र ७ हजार ३ सय भन्दा बढीको संख्यामा शिक्षक कर्मचारीहरू कार्यरत रहेको १७ औं प्याब्सन स्पोर्टस मिट प्रचार समितिका संयोजक डिल्लिराम अर्याले जानकारी दिए।



स्याङ्जाको वालिङस्थित आँधीखोलामा बालुवा चाल्दै मजदूर। नगरपालिकाले नदीजन्य पदार्थ निकाल्न खुल्ला गरेसँगै खोलामा मजदूरको उपस्थिति बढेको हो। तस्बिर : तोलाकान्त बगाले/रासस

# पर्वतमा खेल मैदानको अभाव

पोखरापत्र संवाददाता
पर्वत, २९ मंसिर

पर्वतको खेल क्षेत्र प्रवर्द्धन गर्न खेल मैदानको अभाव भएको छ।

खेलाडीहरुका अनुसार पछिल्लो समय मैदान नहुँदा जिल्लाको खेलक्षेत्र समेत ओभ्फेलमा परेको छ। "२० वर्ष अघि बडगाउँचौरमा धौलागिरिस्तरीय खेल हप्तैपिच्छे जस्तो हुने गर्थ्यो", पूर्वफुटबल खेलाडी राजन गुरुङले भन्नुभयो, "अहिले टोलस्तरीय खेलसमेत हुन छाडिसकेको अवस्था छ। मापदण्डअनुसारको खेल मैदान नहुँदा एन्फाले दिने विभिन्न सेवासुविधाबाट फुटबल खेलाडी वञ्चितीमा पर्दै आएका छन्।"

अहिले सशस्त्र प्रहरीको ब्यारेक रहेको ८४ रोपनीको बडगाउँ खेल मैदानमा फुटबल, भलिबल, ह्याण्डबल, टेबल टेनिस, तेक्वान्दो, कराँते, हाइजम्प, लङजम्प, दौडलगायत खेलका खेलाडी दिनरात खेल मैदानमा भेटिन्थे। "विसं २०५४ तिर हुनुपर्छ, यही बडगाउँ चौरमा पहिलो पटक अन्तर ष्ट्रिय कराँते प्रतियोगिता भएको थियो, मैले गोल्ड मेडल जितेको थिएँ।" ४५ वर्षका खेलाडी नरेश श्रेष्ठले भन्नुभयो, "अन्य जिल्ला पुग्दा पर्वतको खेलाडी भनेपछि बेग्लै सम्मानले हेर्ने गरिन्थ्यो। अहिले खेलाडी पाउनै मुस्लि देखिएको छ।" अर्का कराँते प्रशिक्षक तथा कराँते महासङ्घ पर्वतका संयोजक राम श्रेष्ठले द्वन्द्वकालीन अवस्था र खेल मैदानको अभावले गर्दा पर्वत खेलकुदमा २० वर्ष पछाडि परेको बताउनुभयो। "सदरमुकाम कुश्मा खेलाडीको केन्द्र जस्तै थियो, फरक खेलका खेलाडी जम्काभेट हुन्थ्यो", उहाँले पुरानो दिन सम्भ्फँदै भन्नुभयो, "हामीले पनि बडगाउँ खेल मैदानमा कराँते सिकेका हौँ, त्योबेला बेग्लै जोश थियो, राष्ट्रका लागि खेल्नुपर्छ भन्ने हुटहुटी थियो। पछिल्ला दिनमा खेलाडीको खेलप्रति खासै उत्साह र चासो देख्दिन।"

सशस्त्रको छेउमै खेलकुदलाई भनेर जग्गा छुट्याइएको भए पनि त्यो पर्याप्त नभएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष हर्कमान गुरुङले बताउनुभयो। उहाँका अनुसार खेलकुदलाई भनेर दिइएको जग्गा पनि विभिन्न सङ्घसंस्थाको नाममा रहेको छ। "हाम्रो खेल मैदान सानो र बर्खामा हिलाम्मे हुँदा खेलकुद प्रतियोगिता गर्न समस्या हुने भएकाले केही महिनाअघिको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सशस्त्र प्रहरीको गण भित्रै सम्पन्न गर्‍यौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "जग्गा पनि हाम्रो नाममा छैन भोलि निकलेर जा भन्यो भने हट्नुपर्ने अवस्था छ।" पर्वतको खेल क्षेत्र सुस्ताउँदा युवा लागुऔषधको कूलततर्फ फसिरहेको स्थानीय युवा नरेन्द्र केसीले बताउनुभयो। "कुश्माका युवा पनि लागुऔषधमा फसिरहेका छन्, उनीहरुलाई खेलकुदमा जोड्न सकिएको छैन", उहाँले भन्नुभयो, "खेलकुदले नै युवालाई सही बाटो हिँड्न सघाउने भएको हुँदा अब राज्यले सशस्त्रलाई दिएको खेल मैदान फिर्ता गर्नुपर्छ। युवाले आफ्नै खेल मैदानमा खेल खेल्न पाउनुपर्छ।" खेल मैदानको अभावमा धेरै युवा कोठाभित्रै मोबाइलमा गेम खेलेर बस्ने अवस्था रहेको क्रिकेट खेलाडी सुरेन श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "खेल मैदान त छ, तर सानो। सेभेन ए साइड फुटबल खेल्न पनि नमिल्ने खालको। क्रिकेट खेल्नका लागि छिमेकी जिल्ला बागलुङ जानुपर्छ।" उहाँले सशस्त्र बसेको खेलकुद मैदानमा आफूहरुलाई जतिबेला पनि निर्धक्कले खेल्न दिने वातावरण मिलाइदिन माग गर्नुभयो।

सो खेल मैदान २०६१ सालमा आफूहरुले खेलकुद विकास समितिमार्फत रु २५ लाखमा खरिद गरेको सशस्त्र प्रहरीको भनाइ छ। "मन्त्रिपरिषद्को निर्णय भएर जग्गा हाम्रो नाममा आएको हो", सशस्त्र प्रहरी बल चण्डिका गण पर्वतका गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र बमले भन्नुभयो, "खेल खेल्नका लागि हामीले रोकेका छैनौँ, अनुशासित भएर खेल खेल्दा हुन्छ। विगतमा पनि विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न दिएका थियौँ, आज पनि कुनै रोकावट गरेका छैनौँ।"

# बज्न छाडे 'पञ्चेबाजा'

-डम्मर बुढामगर
बागलुङ, २९ मंसिर (रासस)

एक दशक अगाडिसम्म बागलुङका गाउँदेखि बजारसम्म विवाह, मेला, महोत्सव तथा शुभकार्यमा पञ्चेबाजा निकै बज्ने गर्थे। तर अहिले पञ्चेबाजा बज्न छोडेर ठूला-ठूला साउण्ड सिस्टम र स्पिकर बज्ने गर्छन्।

युवा पुस्ताले चासो नदिँदा परम्परागत रूपमा चलनचल्तीमा आएका पञ्चेबाजा र नौमती बाजा बजाउने प्रचलन लोप भएका हुन्। अचेल बाजा बजाउने प्रचलन हट्न थालेपछि बाजा बजाएर गुजारा चलाउँदै आएकाहरु समस्यामा पर्न थालेका छन्। अहिले पढेलेखेका पुस्ताले बाजा बजाउन लाज मान्दासमेत पञ्चेबाजा हराउन लागेको हो। सीमित जातिले मात्रै बजाउँदै आएको बाजा अहिले पुस्ता हस्तान्तरण नहुँदा लोप हुने अवस्थामा पुगेको बुढापाका बताउँछन्।

विशेषगरी परियार समुदायले बजाउँदै आएको पञ्चेबाजा नयाँ पुस्तामा सीप हस्तान्तरण नभएका कारण लोपहुँदै गएको उनीहरुको भनाइ छ। बाजा बजाउने काम स्थायी पेसा नभएकोले हराउँदै गएको बागलुङ ढोरपाटनका पदमबहादुर दर्जीले बताउनुभयो। शुभकार्यमा विदेशी बाजाले स्थान पाउँदा मौलिक बाजा हराउँदै गएको उहाँको भनाइ छ। समाजमा अभ्फै पनि कायम रहेको जातीय संस्कारका कारणले मौलिक बाजा हराउन थालेको र बाजा बजाएर गुजारा नचल्ने भएकाले पनि बाजा हराउन लागेको दर्जी बताउँनुहुन्छ।



"अहिले पनि हाम्रो समाजमा बाजा बजाउने जातीलाई हेप्ने, फरक नजरले हेर्ने गर्छन्, अहिलेका छोरा नातिहरुले बजाउन सिक्ने चासो दिँदैन, हामी र हाम्रो पूर्खाहरुले पढेनौँ, बाजा बजाएर कमाई खाइयो," दजीले भन्नुभयो- "नयाँ पुस्ताले बाजा बजाउन लजाउँछन्, बजाउन पनि जान्दैनन्, हाम्रो सासपछि त बाजा बजाउने चलननै सकिने भयो।" उहाँले पहिले बाजा बजाउने एउटा समूहमा १०/१५ जनाभन्दा बढी हुने गरेको भन्दै अहिले नौँ जना पनि पुग्न मुस्किल हुने बताउनुहुन्छन्।

सीमित मान्छेले नौमती बाजा बजाउन नसकिने जनाउँदै यसका लागि न्यूनतम नौँ जना हुनैपर्ने उहाँको भनाइ छ। ५८ वर्षीय दर्जी भन्नुहुन्छ- "नौमती बाजा बनाउन कम्तीमा पनि नौँ जनाको समूह त हुनैपर्छ, नौँ जनाभन्दा कम भए बजाउन सकिँदैन, ताल मिल्दैन, अहिले टिम पुऱ्याउनै गाह्रो हुन्छ, बुढापाकाले बजाउन सक्न छोडिसके, हाम्रो उमेरका कम छौँ।" स्थानीय बिर्खबहादुर परियारले युवापुस्ता प्रतिष्ठा, पारिश्रमिक र स्थानीयस्तरमा पञ्चेबाजा बजाएर भोलिको भविष्य नभएका कारण संस्कृतिलाई निरन्तरता दिन नसकिएको बताउनुहुन्छ। पछिल्लो समय गाउँघरमा पहिले जस्तो पञ्चेबाजाप्रति त्यति आकर्षण नदेखिने उहाँको भनाइ छ। पाकापूर्खाको पेसा र सीपलाई पछिल्लो पुस्ताले अवलम्बन नगर्दा संस्कृति नै हराउन थालेको उहाँको अनुभव छ। "मैले जानेबुभ्फेदेखि नै पञ्चेबाजा बजाउन थालेको थिए, अहिले त हातखुट्टा चल्न छोडे टाढा-टाढा पुगेर बजाउन सक्दैन, आँखा पनि कमजोर भए," ७७ वर्षीय परियारले भन्नुभयो, "पहिले त कसैको बिहे, छैँटी, भातखुवाई हुँदा बाजा बजाउन जान्थ्यौँ, अहिले त बिवाहामा पनि गीत बजाएर नाच्न थाले, बाजा त कमै ठाउँमा मात्रै बज्छन्।" पछिल्लो समय परियार समुदायका व्यक्ति पनि शिक्षित हुँदै गएको र बाजा बजाउने पेसालाई नकरात्मक रुपले सोच्ने गर्दा पञ्चेबाजा सङ्कटमा परेको उहाँको भनाइ छ। उहाँले बाजा बजाएर परिवार पाल्नसक्ने अवस्था नहुँदा बाजा बजाउने सीप भएका युवा विदेशीन बाध्य भएको बताउनुभयो। बाजा संरक्षणका लागि सबै क्षेत्रबाट पहल हुन जरुरी रहेको बताउनुभयो। "पञ्चेबाजा त हाम्रो संस्कृति हो, ठूलो सम्पत्ति हो, यसलाई बाजा बजाउने समुदाय र सरकारले पनि चासो दिनुपर्छ, अहिलेको रुपमा बाजा बजाउने समुदायप्रति हेरिने हेराइ फेरिएन भने पछिका हाम्रा पुस्ताले पञ्चेबाजा देख्ना र सुन्न पाउँदैनन्, मलाई त निकै चिन्ता लागेको छ, अहिले त बाजासँग मादल पनि देखिन र बजाउन छोडि सके।" स्थानीयवासी मुरारी नेपालीले बाजा बजाउन छोडेपछि परिवार पाल्नसमेत गाह्रो हुने अवस्था आएको बताउनुभयो। नेपालीले गाउँमा विवाह, व्रतबन्ध र मेला महोत्सव हुँदा बाजाको सट्टा स्पिकर बजाउन थालेपछि आफूहरुको पेसा सङ्कटमा परेको गुनासो गर्नुभयो।

उहाँले पहिले बाजा बजाएर मासिक रु ३० हजारभन्दा बढी आम्दानी गरेको हुनाउँदै अहिले दुई हजार पनि कमाई नहुने बताउनुहुन्छ।"अहिले त बाजा बजाउन कसैले पनि बोलाउँदैनन्, बोलाए पनि बजाउने मान्छे छैनन्, पहिले बाजा बजाएरै परिवार पाले, छोराछोरी पढाएँ, अहिले कमाइ केही छैन, परिवार चलाउन गाह्रो होला जस्तो छ" नेपालीले भन्नुभयो- "पहिले त बाजा बजाउँदा बजाउँदा घरको काम गर्ने फुर्सद हुँदैनथ्यो, धेरै समय भयो मैले बाजा बजाउन छोडेको, हाम्रा पूर्खाले चलाएको चलन हराउँदा दुःख लागेको छ।"

# धान फल्ने खेत वनमाराले ढाक्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २९ मंसिर

लाहुरेहरुको जिल्लाका रुपमा परिचित म्याग्दीबाट श्रमका लागि विदेशिनेबढेसँगै खेतीयोग्य जमिन बाँभ्फो हुने क्रमबढेको छ। बाह्रै महिना खेतीगरीजीविकोपार्जनगर्नेग्रामीण क्षेत्रकास्थानीयहरु कृषि गर्न छाडेर सहर पस्न थालेका छन्।

जिल्लाबाट अधिकांश युवाहरुश्रमका लागि विदेशिएपछि गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र बाँकी छन्।जिल्लाको बेनी नगरपालिका,मालिका, मङ्गला, रघुगङ्गा, धवलागिरिरअन्नपूर्ण गाउँपालिकामा धेरैजसो खेतीयोग्य जमिन बाँभ्फै देख्न सकिन्छ।सदरमुकामबेनीबजारसँगै जोडिएको बेनी नगरपालिका- २ बगरफाँटमा मात्रै २६ हेक्टरभन्दा बढी जमिन बाँभ्फो रहेको स्थानीयचित्रबहादुर रिजालको भनाइ छ। "खेती गर्नका लागि जनशक्ति नै छैनन्,बुढाबुढीले गर्न नसक्ने भएपनि जग्गाजमिन बाँभ्फै छाड्नु बाध्यता बनेको छ।"

उब्जाउ हुने जमिन बाँभ्फो भएपछि स्थानीयहरु सदरमुकामदेखि खाद्यन्नकिनेर खान थालेको मालिका- ३ का जगबहादुर बुढाको भनाइ छ। "कोही रोजगारी खोज्दै विदेश गए, विदेश नजाने गाउँ छाडेर सहर पसेपछि खेती गर्ने मान्छे नै पाइनछाडे", उहाँले भन्नुभयो, "उत्पादन नभएपछि आयातित खाद्यान्न किनेर खानुको विकल्प छैन।"केही स्थानमा खेतीयोग्य जग्गा 'प्लटिङ' हुने क्रम बढेको उहाँको भनाइ छ। मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले हरेक वर्ष खेतीयोग्य जमिन १५ प्रतिशतले घटदै गएको बताउनुभयो।तरकारी उत्पादन हुने खबरा,बगरफाँट,सिम,थामडाँडा, बाबियाचौरमा पनि जमिन बाँभ्फो हुने क्रम बढेको छ।सिङ्गा, बगरफाँट, डाँडाखेतका खेतीयोग्य जमिनमा 'प्लटिङ'बढेपछि धान उत्पादन घट्दै गएको उहाँको भनाइ छ।

कृषि कार्यालय र स्थानीय तहले कृषिउपजको उत्पादन बढाउन प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेतीमा अनुदान दिन थालेका छन् तर यति हुँदा पनि किसानलाई त्यसतर्फ आकर्षित गर्न सकिएको छैन। भूकम्पपछि गाउँबाट सहर भ्फर्ने क्रम बढेसँगै खेतीयोग्यजमिनमा पल्टिङ बढेको हो।

जिल्ला मालपोत कार्यालय म्याग्दीमा दैनिक पचासभन्दा बढी जग्गाको कारोबार हुन थालेको मालपोत कार्यालय म्याग्दीका प्रमुख कृष्णबहादुर कार्कीको भनाइ छ।